**In Collaboration**

LA GRANDEE International College    NABIL BANK

## नबिल स्कुल अफ सोशियल इन्टरप्रेनरशिप

## Nabil SSE Certificate Course (नबिल एसएसई प्रमाणपत्र कार्यक्रम) २०२२

## को लागि आवेदन आह्वान गरिएको छ

Nabil SSE Certificate course (**नबिल एसएसइ प्रमाणपत्र कार्यक्रम**) मार्फत क्षमता विकास,कृषि, शिक्षा, स्वास्थ्य सेवा, कला लगायतका क्षेत्रमा देशभर सामाजिक उद्यमशीलता प्रवर्द्धन गर्ने उदेश्यले नबिल स्कुल अफ सोशियल इन्टरप्रेनरशिप **ला ग्राण्डी इन्टरनेशनल कलेज** सँगको सहकार्यमा मानव जीवन, समाज र वातावरणमा सकारात्मक परिवर्तन ल्याई दिगो विकासको लक्ष्य हासिल गर्न नविनतम सोच भएका व्यक्तिहरुबाट आवेदन आह्वान गर्दछ ।

***के तपाईसँग भएको सोचले समाजमा सकारात्मक प्रभाव ल्याउँन सक्छ भन्नेमा विश्वस्त हुनुहुन्छ ?***

***के तपाई आफनो सोचलाइ सामाजिक उद्यममा परिणत गर्न अथवा समुदायमा सामाजिक उद्यमशिलता प्रवर्द्धन र बिकासमा टेवा पुर्‍याउँन चाहनुहुन्छ ?***

***के तपाई गराईबाट सिकाइ (Learning by Doing ) प्रक्रियामा विश्वास गर्नुहुन्छ ?***

यदि यसो हो भने Nabil SSE को Certificate (प्रमाणपत्र) कार्यक्रम २०२२ मा सहभागी भई आफ्नो सोचलाई सामाजिक उद्यमशिलतामा रुपान्तरण गर्न तथा आफ्नो क्षेत्रमा प्रबर्द्धन गर्न अग्रसर हुनुहोस् ।

यदि तपाईं तल उल्लिखित न्युनतम मापदण्ड भित्र पर्नुहुन्छ भने यस प्रमाणपत्र कार्यक्रममा आवेदन पेश गर्न सक्नुहुनेछ ।

- **उमेर समूह :** १८ वर्ष भन्दा माथिको नेपाली नागरिक ।
- सामाजिक परिवर्तन ल्याउन उत्साहित ।
- **प्रशिक्षणको माध्यम (भाषा) :** अंग्रेजी र नेपाली दुवै भाषाको जानकारी हुनुपर्नेछ,यद्यपी, भाषाको कारण कुनै अवरोध हुनेछैन । प्रशिक्षणको भाषा अंग्रेजी र नेपाली दुवै हुनेछ ।
- **न्यूनतम उपस्थिति :** प्रशिक्षार्थीले प्रमाणपत्र कार्यक्रमका लागि ३ महिना अवधिभर भौतिक रुपमा १४ दिन सम्मको लागि उपस्थित हुने प्रतिबद्धता जनाउनु पर्नेछ । साथै, प्रशिक्षण सम्पन्न गर्न न्यूनतम ९०% हाजिरी अनिवार्य हुनुपर्नेछ ।
- **यातायात तथा आवास खर्च :** प्रमाणपत्र कार्यक्रममा भाग लिन आउँदा लाग्ने सम्पूर्ण यातायात तथा आवास खर्च प्रशिक्षार्थी स्वयंले व्यहोर्नु पर्नेछ ।

## In Collaboration

LA GRANDEE International College — NABIL BANK

- **सामाजिक मुद्दा/समस्याको पहिचान:** आवेदकले आफुले समाधान गर्न चाहेको सामाजिक समस्या पहिचान गरेको हुनुपर्नेछ ।
- **आवेदन शुल्क :** कार्यक्रममा सहभागी हुन रु. ५,००० शुल्क सम्बन्धित शैक्षिक संस्थामा बुझाउनुपर्नेछ ।
- **आवश्यक कागजात :** नागरिकताको प्रतिलिपि तथा पासपोर्ट साइजको फोटो (२ प्रति)

**सर्टिफिकेट कार्यक्रमको आवेदन फारम ला ग्राण्डी इन्टरनेशनल कलेजको वेबसाइट, फेसबुक पेज तथा नबिल एसएसइको फेसबुक पेजमा उपलब्ध छ ।**

**आवेदन पठाउन सक्ने माध्यम :** ला ग्राण्डी इन्टरनेशनल कलेजको वेबसाइटमा (www.lagrandee.edu.np) रहेको आवेदन फारम डाउनलोड गरी इमेल मार्फत पठाउन सकिनेछ । अथवा क्याम्पसको सोधपुछ कक्षबाट वा नबिल बैंकको शाखाहरुबाट फारम लिएर आवश्यक विवरण भरी बुझाउन सकिनेछ । यसका अलावा तलको लिङ्कमा गई अनलाईन फाराम पनि भर्न सकिनेछ । https://forms.office.com/r/YCHdpDSgmc

यदि आवेदकको आवेदन मूल्यांकन चरणमा छनौट भएमा प्रमाणपत्र कार्यक्रममा प्रशिक्षणको लागि सहभागी गराइनेछ ।